# सामुदायिक लघुवित्त वित्तिय संस्था लिमिटेड
# Samudayik Laghubitta Bittiya Sanstha Limited
केन्द्रीय कार्यालय, बनेपा-१४, साँगा, काभ्रेपलाञ्चोक

## विशेष साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०।०६।१५ सोमबार**

यस वित्तीय संस्थाको मिति २०८०/०६/१४ गते बसेको सञ्चालक समितिको २२४ औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको विशेष साधारण सभा देहायका बिषयहरुमा छलफल तथा निर्णय गर्नका लागि निम्न लिखित मिति, समय र स्थानमा हुने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थानः**

**मितिः** २०८०/०६/३० गते मंगलवार (तदनुसार, १७ अक्टोवर, २०२३)
**समयः** बिहान ११:०० बजे
**स्थानः** होटल उगचण्डी, बनेपा, काभ्रेपलाञ्चोक ।

**छलफलका प्रस्तावहरुः-**

**(क) विशेष प्रस्तावहरु :**

१. सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड र विपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर छलफल गरी स्वीकृत गर्ने तथा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी समितिले गरेका निर्णय लगायतका सम्पूर्ण काम कारवाही अनुमोदन गर्ने ।

२. सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड र विपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेड बीच एक आपसमा गाभ्ने/गाभिने (मर्जर गर्ने प्रयोजनका लागि व्यावसायिक योजना तथा प्रक्षेपण (Business Plan and Projection), चल अचल सम्पत्ति, दायित्व तथा कारोबार को मूल्याङ्कन (Due Diligence Audit - DDA) गर्न एक आपसमा गाभ्ने/गाभिने (मर्जर) समितिबाट सम्पत्ती र दायित्व मूल्याङ्कनकर्ता (P.L.R.G. Associates, Chartered Accountants) लाई गरेको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा सञ्चालक समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्ति र पारिश्रमिक सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने ।

३. सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड र विपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेड बीच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) कार्य प्रयोजनका लागि चल अचल सम्पत्ति तथा कारोवारको मूल्याङ्कनकर्ताले तयार गरेको मूल्याङ्कनकर्ता (P.L.R.G. Associates, Chartered Accountants) बाट प्राप्त सम्पत्ती तथा दायित्व मुल्यांङ्कन प्रतिवेदन (Due Diligence Audit Report) को आधारमा संयुक्त मर्जर समितिबाट निर्धारण गरिएको स्वाप अनुपातमा वर्तमान बजार मुल्य, संस्थाहरुको व्यावसायिक अवसर, शाखा सञ्चालन तथा भविष्यको बजार विस्तारको सम्भावना समेतका बिषयहरुको आधारमा विपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर आदान प्रदान अनुपात १ कित्ता शेयर बराबर ०.८५३५ शेयर कित्ता शेयर प्रदान गर्ने (Share Swap Ratio १:०.८५३५) गरी विपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेड सँग एक आपसमा गाभ्ने/गाभिने (मर्जर) लाई स्वीकृति प्रदान गर्ने ।

४. सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड र विपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) गर्ने सम्बन्धी अन्तिम सम्झौता पत्र (Final Agreement Paper) स्वीकृत गर्ने तथा एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी अन्य प्रक्रिया पुरा गर्ने, गाभिए पछि गठन हुने सञ्चालक समितिमा यस वित्तीय संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरूको सम्बन्धमा सञ्चालक समितिको निर्णयलाई अनुमोदन गर्ने तथा विपिडब्लु लघुवित्त वित्तीय संस्थाबाट चयन भई आउने सञ्चालकहरूलाई पदस्थापना एवं अनुमोदन गर्ने अधिकार सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने ।

५. सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड र विपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए पछि गठन हुने सञ्चालक समितिको कार्यकाल सम्बन्धमा ।

६. सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड र विपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेड बीच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) गर्ने कार्य सम्पन्न भए पश्चात हुने संस्था को नाम, ठेगाना, अधिकृत पुँजी, जारी पुँजी, चुक्तापुँजी, शेयर संरचना लगायत थप परिवर्तन हुने विषयमा प्रबन्धपत्र र नियमावलीको आवश्यक दफा, उपदफा तथा नियमहरू संशोधन/परिमार्जन गर्ने । तथा पारीत प्रस्ताव नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृत लिने र अभिलेख गर्ने क्रममा आवश्यक थपघट, संशोधन र परीमार्जन गर्नुपरेमा सो गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

७. उपर्युक्त बमोजिमका विशेष प्रस्तावहरूमा नियामक निकायहरुबाट कुनै विषयमा थप संसोधन गर्न वा भाषिक संसोधन गर्न वा परिमार्जन गर्न निर्देशन प्राप्त भएमा सो समेत मिलाई संसोधन एवं परिवर्तन गर्ने लगायत अन्य सम्पूर्ण कार्यहरू गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

८. विविध

**(ख) विशेष साधारण सभा सम्बन्धी अन्य कुराहरु**

१) यस वित्तीय संस्थाको यस साधारण सभा प्रयोजनका लागि मिति २०८०/०६/२१ गते यस संस्थाको शेयर दाखिला खारेजीको कार्य बन्द रहनेछ । र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०६/२० गते वा सो भन्दा अघि सम्म कारोवार भई प्रचलित कानून बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री लक्ष्मी क्यापिटल लिमिटेड नयाँबानेश्वर काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखित विवरणको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा मतदान गर्न पाउनेछन् ।

२) साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले शेयर हितग्राही (डिम्याट) खाता नं. र आफ्नो परिचय खुल्ने परिचयपत्र वा प्रमाणपत्र अनिवार्य रुपमा साथमा लिई आइदिनु हुन अनुरोध छ । संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाको आधिकारिक पत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

३) नावालक शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता किताबमा उल्लेखित) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्ति गर्न र मत दिन समेत सक्नेछन् ।

४) साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले तोकिएको ढाँचाको फारम भरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन् । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन सभा शुरु हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय बनेपा १४, साँगा, काभ्रेपलाञ्चोकमा दर्ता गराई सक्नुपर्नेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरिसकेपछि पनि आफैं साधारणसभामा भाग लिन चाहेमा लिखित सूचना साधारणसभा शुरु हुनुभन्दा अगाडि दर्ता गराई प्रतिनिधिको नियुक्ति बदर गर्न सकिनेछ । तर एक जना शेयरधनीले एक जना भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरेमा सबै नियुक्ति बदर हुनेछ ।

५) कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्था सम्बन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनु भन्दा कम्तिमा ७ दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पठाउन हुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

६) साधारणसभा शेयरधनी माहानुभावहरुले व्यक्त गर्नु भएका मन्तव्य र प्रश्नहरुका सम्बन्धमा सञ्चालक समितिको तर्फवाट अध्यक्ष र निजबाट आदेश पाएका व्यक्तिबाट सामुहिक रुपले जवाफ दिइने छ ।

७) सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्ने छ । शेयरधनी उपस्थिति पुस्तिका सभा हुने दिन बिहान १०:०० बजे देखि खुल्ला रहनेछ ।

८) अन्य विस्तृत जानकारीका लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालयको फोन नं. ०११-६६२२५१/६६०४५२ मा कार्यालय समयमा सम्पर्क गर्नहुन अनुरोध छ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**